नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
**परीक्षा नियन्त्रण कार्यालय कक्षा १०**
सानोठिमी, भक्तपुर

# माध्यमिक शिक्षा परीक्षा (एसइइ) २०८१ मा समावेश हुनका लागि रजिष्ट्रेशन फाराम भर्ने भराउने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८०।०७।२४

शैक्षिक सत्र २०८० मा कक्षा ९ मा साधारण, परम्परागत (संस्कृत/वेदविद्याश्रम/गुरुकुल/मदर्सा/गोन्पा) र प्राविधिक धारतर्फ नियमित रुपमा अध्ययनरत विद्यार्थीहरूले २०८१ सालको नियमित माध्यमिक शिक्षा परीक्षा (एसइइ) मा समावेश हुनका लागि रजिष्ट्रेशन फाराम **२०८० कार्तिक २४ गतेदेखि २०८० मंसिर मसान्त** भित्र भर्ने भराउने कार्यका लागि सम्बन्धित सबै विद्यार्थी, विद्यालय, स्थानीय तहका शिक्षा महाशाखा/शाखा, शिक्षा विकास तथा समन्वय इकाइ, राष्ट्रिय परीक्षा बोर्डका प्रदेश तथा शाखा कार्यालय र शिक्षा विकास निर्देशनालयको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **विद्यालयहरूमा हाल कक्षा ९ मा अध्ययनरत साधारण, परम्परागत तथा प्राविधिक धारतर्फका विद्यार्थीहरूका लागिः**

क) हाल कक्षा ९ मा नियमित विद्यार्थीको रुपमा अध्ययनरत साधारण, परम्परागत र प्राविधिक धारतर्फ समेतका विद्यार्थीहरूले **अङ्काङ्कन पद्धतिमा कक्षा ८ वा सो सरहको वार्षिक परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ। साथै अक्षराङ्कन पद्धति** (२०७२ – २०७७) **का हकमा अनिवार्य विषयहरूमा न्यूनतम D+ ग्रेड र २०७८ र २०७९ सालमा न्यूनतम D ग्रेड प्राप्त ग्रेडसिट र** जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (प्रधानाध्यापकबाट प्रमाणित) संलग्न गरी विद्यालय पोशाकमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो निर्दिष्ट स्थानमा टाँसी **२०८० कार्तिक २४ गतेदेखि २०८० मंसिर मसान्त भित्र** राजश्व वापत रु. ३००।- र सो मिति भित्र रकम दाखिला गर्न नसक्ने विद्यार्थीहरूले **२०८० पौष ०१ गतेदेखि २०८० पौष १५** गते भित्र विलम्ब शुल्क समेत गरी रु. ६००।- सहित आफू अध्ययनरत विद्यालयमा बुझाउनु पर्नेछ।

ख) विद्यालयहरूले आफ्नो विद्यालयमा नियमित रुपमा अध्ययनरत विद्यार्थीहरूको नामथर, जन्ममिति, आमा बाबुको नाम ठीकसँग भरे नभरेको रुजु गर्ने/गराउने र पछिसम्म फरक नपर्ने गरी प्रमाणित गर्ने र **२०८० पौष १६ भित्र** राजश्व शुल्कको विवरण सहित उक्त फाराम सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा बुझाइ सक्नुपर्नेछ। उक्त दस्तुर **राजश्व शीर्षक नं. १४२२३** मा दाखिला गर्नुपर्नेछ।

ग) खुला तथा वैकल्पिक विद्यालय र अनौपचारिक प्रौढ विद्यालयका विद्यार्थीहरूले २०८१ सालको परीक्षा आवेदन फाराम भर्ने समयमा रजिष्ट्रेशन फाराम समेत सँगै भर्नुपर्नेछ।

२. यो फाराम साधारण, परम्परागत तथा प्राविधिक धारतर्फका विद्यार्थीहरूले माध्यमिक शिक्षा परीक्षा (एसइइ) २०८१ मा समावेश हुनका लागि आफ्नो नाम दर्ता गर्ने प्रयोजनका लागि भरिने भएकाले यो फाराम नभर्ने विद्यार्थीहरूले उक्त सालको माध्यमिक शिक्षा परीक्षा (एसइइ) मा सामेल हुन पाउने छैनन्।

३. शिक्षा विकास तथा समन्वय इकाइहरूले रजिष्ट्रेशन फारामका आवश्यक विवरणहरू **अनलाइन इन्ट्री तथा रुजु कार्य निम्नानुसारको कार्य तालिका अनुसार सम्पन्न गर्नुपर्नेछ**:

| क्र. सं. | कार्य | समयावधि |
|---|---|---|
| १ | शिक्षा विकास तथा समन्वय इकाइले अनलाइन इन्ट्री गरी विद्यालयलाई रुजु गर्न पठाउने | २०८० चैत्र मसान्तसम्म |
| २ | विद्यालयले रुजु गरी शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने | २०८१ बैसाख १५ सम्म |
| ३ | शिक्षा विकास तथा समन्वय इकाइले रजिष्ट्रेशन नं. कायम गर्न विद्यालयगत विवरण प.नि.का.मा उपलब्ध गराउने | २०८१ जेठ मसान्तसम्म |
| ४ | प.नि.का.बाट कायम भएको रजिष्ट्रेशन नं. सहितको विवरण शिक्षा विकास तथा समन्वय इकाइले सम्बन्धित शिक्षा विकास निर्देशनालय, सम्बन्धित पालिका र सम्बन्धित विद्यालयमा पठाउने। | २०८१ असार मसान्तसम्म |

**नोटः**

- विद्यार्थीले रजिष्ट्रेशन फाराम भर्दा आफू नियमित रुपमा अध्ययन गरिरहेको विद्यालयबाट मात्र भर्नुपर्नेछ। एक भन्दा बढि विद्यालय/जिल्ला/स्थानबाट भरेको पाइएमा दुबै तर्फको फाराम स्वतः रद्द हुनेछ। दोहोरो रजिष्ट्रेशन भर्ने भराउने कार्य नगर्नु नगराउनुहुन र सो कार्य अटेर गरी गरेमा पछि परीक्षा रद्द हुनेछ साथै त्यसो गर्ने गराउने व्यक्ति/संस्था स्वयं जिम्मेवार हुनुपर्नेछ।
- फाराम भर्दा रजिष्ट्रेशन फाराममा रजिष्ट्रेशन नं. राख्ने ठाउँ हाललाई खाली राख्ने। प.नि.का. बाट रजिष्ट्रेशन नं. सहितको स्लिप प्रिन्ट गर्न सकिने गरी शिक्षा विकास तथा समन्वय इकाइलाई सफ्ट कपि उपलब्ध गराइनेछ। शिक्षा विकास तथा समन्वय इकाइले उक्त रजिष्ट्रेशन स्लिपको सफ्ट कपी विद्यालयबाट प्रिन्ट गर्न लगाई सम्बन्धित विद्यार्थीको फोटो टाँसी प्र.अ.बाट प्रमाणित गराई विद्यार्थीलाई उपलब्ध गराउने।
- **विद्यालयले रजिष्ट्रेशन फाराम राष्ट्रिय परीक्षा बोर्डको वेवसाइट www.neb.gov.np, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को वेवसाइट www.see.gov.np वा सम्बन्धित शिक्षा विकास निर्देशनालयको वेवसाइटबाट डाउनलोड गरी प्रयोग गर्नुहुन।**

यस सम्बन्धी सूचना एवम् जानकारी राष्ट्रिय परीक्षा बोर्डको वेवसाइट www.neb.gov.np, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को वेवसाइट **www.see.gov.np** वा सम्बन्धित शिक्षा विकास निर्देशनालयको वेवसाइट बाट प्राप्त गर्न सकिनेछ। साथै सूचना सम्बन्धी कुनै द्विविधा भएमा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को फोनं. ०१–६६३०८१९, ०१–६६३०७३९ मा सम्पर्क गरेर स्पष्ट हुन सकिनेछ।

**नियन्त्रक**